पौवादुङमा गाउँ सभाको सचिवालय

कोशी प्रदेश, नेपाल

## अध्यक्षको वाचनपत्र

गाउँ सभाको पन्ध्रौ अधिवेशनको पहिलो बैठक

मिति २०८१ असार ०९

गाउँ सभाका सदस्यहरू, गाउँ सभाको पन्ध्रौ अधिवेशनको पहिलो बैठकको कारवाही प्रारम्भ हुन्छ । कोशी प्रदेश को गाउँ सभा र नगरसभा संचालनको लागि व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ बमोजिम पौवादुङमा गाउँ सभाको पन्ध्रौ अधिवेशन आजबाट प्रारम्भ भएको जानकारी गराउँदछु, साथै सबै सदस्यहरूलाई हार्दिक स्वागत गर्दछु।

सभाका सदस्यहरु,

सभाका सदस्यहरू, आजको बैठक देहायको कार्यसूची भित्र रही सञ्चालन हुने व्यहोरा जानकारी गराउँछु।

1. अध्यक्षले गाउँ सभाको पन्ध्रौ अधिवेशन आव्हान गरेको पत्र पढेर सुनाउने,
2. समसामयिक विषयमा छलफल (शुन्य समय) हुने,

3. आ.ब. २०८१/८२ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत हुने
4. आ.ब. २०८१/८२ को बार्षिक बजेट कार्यक्रम, आर्थिक सर्वेक्षण र मध्यमकालिन खर्च संरचना प्रस्तुत हुने
5. विनियोजन संसोधन विद्येयक, २०८१ प्रस्तुत हुने,
6. आर्थिक संसोधन विद्येयक, २०८१ प्रस्तुत हुने,,
7. कर्मचारी संगठन तथा दरबन्दी स्वीकृतीका लागि प्रस्तुत हुने
8. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा-१५१ बमोजिम कर्मचारीहरुको तह बृद्धिका लागि बनेको मापदण्ड, २०८१ अनुमोदनका लागि पेश हुने।
9. बेरुजु सम्परिक्षण लगायत विषयमा लेखा समितिको प्रतिवेदन पेश हुने
10. पालिका गान अनुमोदन हुने।
11. बैठक स्थगीत हुने ।

सभाका सदस्यहरु, अब लोकतन्त्र प्राप्तिका लागि सबैखाले जनआन्दोलन लगायतका आन्दोलनमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट मौन धारणमा सरिक हौ।

सभाका सदस्यहरू, गाउँपालिकाको अध्यक्षले गाउँ सभाको पन्ध्रौ अधिवेशन आव्हान गर्नुभएको पत्र प्राप्त हुन आएको छ, सो को व्यहोरा म सदस्य सचिव ज्यूलाई पढेर सुनाउनका लागि समय दिन्छु।

मितिः २०८१/०३/०३

विषयः गाउँसभाको पन्ध्रौ अधिवेशन आव्हान गरिएको सम्बन्धमा।

कोशी प्रदेश को गाँउ सभा र नगरसभा संचालनको लागि व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ बमोजिम पौवादुङमा गाउँपालिकाको पन्ध्रौ अधिवेशन देहाय बमोजिमको मिति, समय र स्थानमा आरम्भ हुने गरी आव्हान गरेको छु।

**<u>बैठक बस्ने मिति, स्थान र समयः-</u>**

मितिः २०८१/०३/०९,
स्थानः- पौवादुङमा गाउँपालिकाको सभाहल,
समयः- ११.०० बजे।

....................
अध्यक्ष

सभाका सदस्यहरू, गाउँसभा र नगरसभा संचालनको लागि व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ५ (१) मा सभाको पहिलो बैठकमा पालना गर्नुपर्ने आचरणहरू वाचन गर्नुपर्ने व्यवस्था रहेकोले सो वाचन गरिदिन हुन म सदस्य सचिव ज्यू लाई समय दिन्छु ।

क) अध्यक्ष बैठक कक्षमा प्रवेश हुदा सबैले सम्मान प्रकट गर्न उठ्नु पर्नेछ ।

ख) अध्यक्षले बैठकप्रति सम्मान प्रकट गरी आफ्नो आसन ग्रहण गर्नुपर्नेछ ।

ग) बैठक स्थगित भइ अध्यक्ष सभाबाट बाहिर निस्केपछि मात्र अरू सदस्यहरूले बैठक कक्ष छाड्नुपर्नेछ ।

घ) बैठकमा भाग लिन सदस्यले बोल्दा अध्यक्षलाइ सम्बोधन गरेर मात्र बोल्नु पर्नेछ र अध्यक्षले अन्यथा आदेश दिएकोमा बाहेक उभिएर बोल्नु पर्नेछ ।

ङ) अध्यक्षले बैठकलाइ सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छाड्न हुँदैन र अध्यक्षले बोलेको कुरा गम्भिरतापूर्वक सुन्नु पर्नेछ ।

च) अध्यक्षले आसन ग्रहण गरिरहेको र बोलिरहेको अवस्थामा सदस्यले अध्यक्षको आसनको अगाडीबाट हिड्न हुँदैन ।

छ) कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति गर्न बैठकको मर्यादा भंग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्न हुँदैन ।

ज) बैठक कक्षमा अध्यक्षको सामुन्नेबाट वारपार गरी हिंड्न वा अध्यक्षको आसनतर्फ पिठ्यू फर्काएर बस्न हुँदैन ।

झ) बैठककौ कार्यसंग प्रत्यक्ष रूपले सम्बन्धित् विषय बाहेक अन्य विषयको पुस्तक समाचारपत्र वा अन्य कागजपत्र पढ्न हुँदैन र

ञ) बैठकको अवधिभर बैठक कक्षमा मोवाइल फोन प्रयोग गर्न हुँदैन ।

सभाका सदस्यहरु, सर्वप्रथम समसामयिक विषयहरु माथि छलफल गर्नको लागि शून्य समय प्रारम्भ हुन्छ। शून्य समयमा बोल्न चाहनुहुने सदस्यहरुको लागि ३ मिनेटको समय निर्धारण गरेको छु। निर्धारित समय भित्र सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्नुहुन समय उपलब्ध गराउदछु।

सभाका सदस्यहरु, अब म आ.ब. २०८१/८२ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

१. सम्मानित गाउँसभाका सदस्य ज्यूहरु, सभाका सदस्य सचिव ज्यू, र पत्रकार मित्रहरु,

२. यस घडिमा सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहासिक जन आन्दोलन सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एंव सहिदहरु तथा वेपता र पीडित नागरिकहरुलाई सम्मान गर्दै मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता,

स्वभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनमा त्याग र नेतृत्वदायी भूमीका निर्वाह गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछौ।

३. वार्षिक नीति तथा कार्यक्रम, २०८१।०८२ तयार गर्न अहोरात्र खटीने जनप्रतिनीधि साथीहरू र सम्पूर्ण कर्मचारी टीम प्रति हार्दिक आभार ब्यक्त गर्दछु । साथै पौवादुङमा गाउँपालिकाले आगामी आ.व २०८१।८२ को लागि नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको सोह्रौं योजना मार्गदर्शन, प्रदेश सरकारको मार्गदर्शन तथा प्राथमिकताहरु, पौवादुङमा गाउँपालिकाको प्रथम आवधिक योजनाको अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजनाहरुलाई कार्यान्वयन गर्दै कतिपय कानूनी जटिलता, अस्पष्टता, साधन श्रोतको सिमितताका बाबजुत पनि समस्याहरुलाई न्यूनिकरण गर्दै गाउँबासी बुबा, आमा, दाजुभाई तथा दिदिबहीनीहरुबाट व्यक्त भएका जनचाहनाहरुलाई समट्दै यहाँहरुको चाहना तथा समग्र पालिकाको आवश्यकता अनुसार निम्न बमोजिमका नीति तथा कार्यक्रमहरु अवलम्वन गरेका छौं।

संघीय संरचना अनुसार कोशी प्रदेश अन्तर्गतको भोजपुर जिल्लाका ९ वटा स्थानीय तहमध्ये पौवादुङमा गाउँपालिका एक हो । भोजपुर जिल्ला सदरमुकामबाट पुर्ब

क्षेत्रमा रहेका साबिकका श्यामसिला,तिवारीभन्ज्याङ ,च्याङ्ग्रे,बास्तिम,सानोदुम्मा र ठूलोदुम्मा गरि ६ वटा गाउँ विकास समितिलाई समेटेर पौवादुङमा गाउँपालिकाको निर्माण गरिएको छ। अधिकांश वडा कार्यलयहरुलाई ग्रामीण सडकले छोएको यस गाउँपलिकाको मुख्य पेशा कृषि हो।यस गाउँपालिकाको आन्तरिक स्रोत अत्यन्त न्यून रहेको छ । कूल बजेटको २ प्रतिशत भन्दा कम आन्तरिक स्रोत रहेको छ । त्यसै गरी यस गाउँपालिकामा विभिन्न किसिमका भाषा धर्म र जातजातिका मानिसहरु बसोबास गर्ने गर्छन् । यस गाउँपालिकाको कुल क्षेत्रफल ११८.८ वर्ग कि.मि. रहेको छ। बि.स.२०७८को जनगणना अनुसार महिला ६,२५९जना र पुरुष ५,८४८जना गरि कुल जनसंख्या १२,१०७जना रहेका छन ।यस गाउँपालिकाको केन्द्र च्याङ्ग्रे र ६ वटा वडा कार्यालयहरु मार्फत प्रशासनिक तथा सार्वजानिक सेवा प्रवाह गर्ने कार्य गरिदै आएको छ ।

(ग) (अध्यक्ष ज्यू को भनाई हालको अवस्था चित्रण)

(घ) यस गाउँपालिकाका नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु

- ❖ नेपालको संविधान,
- ❖ स्थानीय सरकार संचालन ऐन, २०७४
- ❖ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- ❖ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली २०७७
- संघ प्रदेश र स्थानीय तहवीचको समन्वय र अन्तरसम्वन्ध सम्वन्धी ऐन, २०७७
- विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांँकन कार्यविधी, २०७७
- प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७
- विध्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति,
- स्थानीय तहमा बजेट तर्जुमा, सम्बन्धी निर्देशिका,
- गाउँपालिकाको आवधिक विकास योजना,
- दीगो विकासका लक्ष्यहरु
- विकासका अन्तर सम्बन्धित विषयहरु
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु,
- अनुभव तथा सिकाईहरु आदि।

(च) आगामी आ व का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु

- **आर्थिक विकास**
- प्रदेश सरकारसँगको साझेदारीमा वृद्धिमूखी उद्यमशीलता र रोजगारी कार्यक्रम मार्फत २० जना नवउद्यमी निर्माण गरिनेछ ।
- ५०% साझेदारीमा एक घर एक करेसाबारी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषिलाई व्यवसायीकता तर्फ उन्मुख गराउन कृषि सामाग्री र यान्त्रिकरण सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- प्रयोग विहिन (खाली) जग्गामा कृषि कार्य प्रोत्साहनका लागि कृषकहरुसँगको साझेदारीमा NAFHA सँग समन्वय गर्दै भूगोल तथा माग अनुसारको फलफुल र नगदेवालीको लागि अनुदान व्यवस्था गरिनेछ। एक गाउँ एक उत्पादन पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- प्राङ्गारिक तथा गड्यौले मललाई प्रवर्द्धन गरिनेछ ।
- सूचीकृत सबै बेरोजगार व्यक्तिलाई प्राथमिकता क्रमानुसार १०० दिनको रोजगारी प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- REED मार्फत निर्माण भएको भवनबाट कृषि तथा पशु प्रयोगशाला सञ्चालनमा ल्याइनेछ ।

❖ **सामाजिक विकास**

- महिला विकास बोर्ड (उपाध्यक्ष आत्मनिर्भर कार्यक्रम) मार्फत वडा नं १,२ र ३ मा दुग्ध विकास कार्यक्रम र नागरिकहरुलाई जीविकोपार्जनसँग जोड्न

उन्नत जातका गाईका बाछ्छीहरु ५० प्रतिशत कृषक लागत साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

- आगामी आ व मा वडा नं ४, ५ र ६ मा यी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वडा नं ४ मा अकबरे खुर्सानी (ब्राण्डिङ) ५ र ६ मा बाख्रा पालन कार्यक्रम ५० प्रतिशत कृषकको लागत साझेदारीमा सञ्चालन गरिनेछ ।
- अनुदानका कार्यक्रम सञ्चालन गर्दा ५० प्रतिशत लागत साझेदारीको नीति र अनुदान प्राप्त गर्ने अधिकार पौवादुङमा गाउँपालिका भित्रका सम्पूर्ण जनतालाई बराबर हुने नीति अबलम्बन गरिनेछ।
- United World School Nepal सँगको साझेदारीमा महादेवी आधारभूत विद्यालयमा बालमैत्री सुविधा सम्पन्न पठन पाठनका लागि नमूना भवन निर्माण गरिनेछ ।
- नवजात शिशु भविष्य सुरक्षा कार्यक्रम (Neo-Natal Future Security Programme) मार्फत पौवादुङमा गाउँपालिका भित्र जन्म र रेफर भएका नवजात शिशुहरुलाई बैंकिङ सेवा मार्फत महिनाको रु ५००। पाँच वर्षसम्म उपलब्ध गराइने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- प्रसुती केन्द्रबाट रेफर गरिएका गर्भवती, सुत्केरी र नवशिशुहरुलाई एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गरिनेछ।
- गाउँपालिका अध्यक्ष छात्रवृति कार्यक्रमलाई निरन्तरता दिईनेछ।

❖ **पूर्वाधार विकास**

- तीनै तहको सरकारहरुको साझेदारीमा गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको तिवारीभञ्ज्याङ-मानेडाँडा-अंधेरीघाट (पञ्चकन्या कृषि सडक) सडकलाई कालोपत्रे गर्ने, पौवादुङमा गाउँपालिकाको ठुलोदुम्मा मार्ताङ फेदी र हतुवागढीको वडा नं ६ होम्ताङ हुदै सुनबालुवा जोड्ने मोटरेबल पुल निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- पौवादुङमा गाउँपालिका भित्रका सबै घरका फुसको छाना हटाई **हरीयो जस्तापाता** लगाउने कार्यक्रमलाई अगामी आ व मा सम्पन्न गरिनेछ ।
- पौवादुङमा गाउँपालिकाको कार्यालय परिसरमा व्यापारिक प्रयोजन सहितको बहुउद्देश्य प्रशासनिक भवन संघीय सरकारसँगको लागत साझेदारीमा निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

- **वातावरण तथा विपद व्यवस्थापन**
  - विपत व्यवस्थापन कार्ययोजना तयार गरी राहत सामग्रीहरूको उपलब्धताको सुनिश्चितता गरिनेछ।
  - विपद व्यवस्थापन कोषमा पर्याप्त रकम व्यवस्था गरिनेछ।

- **<u>सुशासन तथा संस्थागत विकास</u>**
  - राष्ट्रिय परिचयपत्रलाई सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गरी सामाजिक सुरक्षा परिचयपत्र बायोमेट्रिक डिभाइसद्वारा नविकरण गरिनेछ ।
  - सेवा प्रवाहलाई घर आँगन सम्म पुर्याउन सबै वडामा घुम्ती सेवाहरु सञ्चालन गरिनेछ।

**(छ) आगामी आ व को प्रमुख नीतिहरु**

- प्रदेश सरकारसँगको साझेदारीमा वृद्धिमूखी उद्यमशीलता र रोजगारी कार्यक्रम मार्फत २० जना नवउद्यमी निर्माण गरिनेछ ।

- ५०% साझेदारीमा एक घर एक करेसाबारी कार्यक्रमलाई महिला विकास बोर्डमार्फत नै व्यवस्थित गरिनेछ ।
  - महिला विकास बोर्ड (उपाध्यक्ष आत्मनिर्भर कार्यक्रम) मार्फत वडा नं १,२ र ३ मा दुग्ध विकास कार्यक्रम र नागरिकहरुलाई जीविकोपार्जनसँग जोड्न उन्नत जातका गाईका बाछीहरु ५० प्रतिशत कृषक लागत साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।
  - आगामी आ व मा वडा नं ४, ५ र ६ मा यी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
  - वडा नं ४ मा अकबरे खुर्सानी (ब्राण्डिङ) ५ र ६ मा बाख्रा पालन कार्यक्रम ५० प्रतिशत कृषकको लागत साझेदारीमा सञ्चालन गरिनेछ ।

- प्रयोग विहिन (खाली) जग्गामा कृषि कार्य प्रोत्साहनका लागि कृषकहरुसँगको साझेदारीमा NAFHA सँग समन्वय गर्दै भूगोल तथा माग अनुसारको फलफुल र नगदेवालीको लागि अनुदान व्यवस्था गरिनेछ। एक गाउँ एक उत्पादन पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ। धेरै भन्दा धेरै कृषक र पशु समूहहरुलाई यस कार्यक्रमसँग जोड्दै आर्थिक रुपमा आत्मनिर्भर बन्दै निर्यात समेत प्रवर्द्धन गर्नका लागि प्रशस्त समन्वय गरिनेछ ।

- प्राङ्गारिक तथा गड्यौले मललाई प्रवर्द्धन गरिनेछ ।किसानले उत्पादन गरेको गड्यौले मल पालिकाले खरिद गरि ५० प्रतिशत अनुदानमा अन्य किसानलाई वितरण गरिनेछ ।

- नेपाल राष्ट्र बैंकको मौद्रिक नीति अनुसार कृषिमा सहुलियतपूर्ण व्याजदरको सुविधालाई गाउँपालिका जमानतमा बसी सहकारी, बैंक तथा वित्तिय संस्थाद्वारा ऋण उपलब्ध गराईने छ। दातृ निकायको सहयोगमा कोष खडा गरी सस्तो ब्याजदरमा गाउँपालिकाले उद्यमीहरुलाई ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ।
- कृषि तथा पशु क्षेत्रका कार्यक्रमहरुलाई मागमा आधारित बनाउन र निरन्तरता दिन अनुदान कार्यक्रमहरुमा पचास प्रतिशत लागत साझेदारीमा सञ्चालन गरिनेछ।
- एभोकार्डो र कफि क्षेत्रमा भएका कार्यक्रमको अनुगमन गरिनेछ।सोही आधारमा उत्पादनमा जोड दिन प्रोत्साहन र दण्ड प्रणाली लागू गरिनेछ ।
- सामुहिक कृषि गर्ने र बाझो रहेका जमीनहरुमा ठूला कृषि फर्महरु संचालन गरी राम्रो काम गर्ने फर्म वा कृषकहरुलाई प्रोत्सहान गरिदै लागिनेछ।
- कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै जैविक विषादी र प्राङ्गारिक मलको प्रयोग गरी अर्गानिक उत्पादनमा बढावा दिईनेछ। रसायनिक मल निर्मुल गरी प्राङगारिक मल गडियौले मललाई प्रयोग गर्ने प्रोत्साहन गरिनेछ।
- कृषि सङ्कलन केन्द्र ३ वटा स्थापना गर्नको लागि प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ।
- नियमित पानी लाग्ने कुलो मर्मतका लागि मर्मत संभार कोषबाट खर्चको व्यवस्था गरिनेछ।

- कृषि उपजको बजारीकरण गर्ने व्यवस्था गरिनेछ।
- ब्लक तथा पकेट कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- कृषि ज्ञान तथा प्रविधि हस्तान्तरणमा जोड दिईनेछ।
- स्थानीय  प्रजातिका धान मकै, कोदो, कोसेवाली लगायतका अन्नहरुको संरक्षणको लागि स्थानीय बीउ संरक्षण र विकास गर्ने गरी बीउ बैंकको स्थापना गर्ने नीति अवलम्वन गरिनेछ।
- व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
- व्यावसायिक कृषि तथा पशु फर्महरुको वर्गीकरण गर्दै तालिम, तथा औषधीको व्यवस्था गरिनेछ साथै नियमित अनुगमन गरिने व्यवस्था मिलाइनेछ।
- आवश्यकता अनुसार कृषि तथा पशु प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ।
- कृतिम गर्भाधारण प्रविधिमार्फत उन्नत पशु विउ कृषक समूहहरुलाई उपलब्ध गराइनेछ।
- दुग्ध उत्पादन वृद्धिका लागि उन्नत जातको डाले तथा भुई घाँसको विउ बेर्ना वितरण गरिनेछ ।
- रेविज रोग नियन्त्रणका लागि घर घरमा पुगी भ्याक्सिनेसन कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशु स्वास्थ्य शिविर असल पशुपालन अभ्यास प्रविधि हस्तान्तरण तालिम जुनोटिक रोग सम्बन्धि विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

- कृषि तथा पशुपंक्षी जन्य प्राकृतिक प्रकोष तथा महामारी रोग नियन्त्रण सम्बन्धमा रोकथाम तथा नियन्त्रणको नीति अवलम्वन गरिनेछ। पशु रोग नियन्त्रणका लागि खोप कार्यक्रम सञ्चालन गरिनेछ ।
- आधुनिक प्रविधियुक्त पोर्टेबल शित भण्डारको निर्माण तर्फ जोड दिईने छ। यसका निमित्त प्रदेश सरकार र संघीय सरकारसँग प्रसस्त मात्रामा समन्वय गरिनेछ।
- आर्थिक तथा सामाजिक क्षेत्रका हिसाबले पछाडी पारिएका वर्गहरुलाई प्राथमिकता दिई कृषि र पशु क्षेत्रमा रोजगार कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई कृषि क्षेत्रमार्फत रोजगारीमा आवद्ध गरिनेछ ।
- गाउँपालिका भित्रका समान उद्देश्य र प्रकृतिको सहकारीहरुलाई एकीकरण गरी बृहत रुपमा गतिविधी तथा कारोबार सञ्चालन गर्दै वित्तीय पहुँच बृद्धि गरिनेछ। सोहि नीति अन्तरगत गाउँपालिकास्तरमा एक सहकारीलाई ग्रामीण बैङ्कको अवधारणामा सञ्चालन गरिनेछ।
- गाउँपालिका क्षेत्रभन्दा बाहिर दर्ता भई यस गाउँपालिकाभित्र सञ्चालनमा रहेका सहकारी तथा वित्तीय संस्थाहरुलाई दायरामा ल्याईने छ, दायरामा नआएका र गाउँपालिकाको सहकारी नीतिभन्दा फरक रुपमा कारोबार सञ्चालन गरिरहेका सहकारी तथा वित्तीय संस्थाहरुलाई कारोबारमा रोक लगाईनेछ।
- पशुपालन, कृषि र निर्यात तथा उत्पादनमूलक सहकारी समूहहरुलाई प्रस्तावनाका आधारमा अनुदान दिइनेछ।
- सहकारी संस्थाहरुको नियमन तथा व्यवस्थापन गर्दै करको दायरामा ल्याइनेछ।
- एक घर एक सहकारी सदस्य बनाउन पहल गरिने छ।

- सहकारीलाई बीउ पुँजी तथा घुम्ती कोष उत्पादनसँग जोड्नेलाई प्राथमिकता दिईनेछ।
- गाउँस्थित सहकारी संस्थाहरु अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।
- सहकारीको माध्यमबाट स्थानीय स्रोत श्रम, साधन सीप र पूँजीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गरिनेछ।
- प्रत्येक वडामा एउटा नमूना सहकारीको स्थापना र संचालन गर्ने नीति अवलम्बन गरिनेछ। हरेक गाउँमा उद्यम सहकारी/कृषि सहकारी र उपभोक्ता सहकारी स्थापनामा जोड दिईनेछ।
- स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणका लागि कृषि सहकारीलाई परिचालन गरिनेछ।
- सहकारी शिक्षा, सहकारी व्यवसाय प्रवर्द्धन जस्ता सहकारी सम्बन्धी आवश्यक तालिम संचालन गरिने नीति अवलम्बन गरिनेछ।
- सहकारी संथाको मापदण्ड कार्यान्वयन र नियमनमा विशेष जोड दिने नीति अवलम्वन गरिनेछ।
- सहकारीले चौमासिक रुपमा विवरण बुझाउनुपर्ने व्यवस्था गरिनेछ।
- गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसारको योजना सहकारी तथा अन्य वित्तीय संथाहरुले प्राथमिकतामा राख्नुपर्ने नीतिलाई अवलम्वन गरिनेछ।

- कृषिमा आधारित साना तथा लघु उद्योगमा अनुदान तालिमको व्यवस्था मिलाइनेछ।

- स्थानीय उद्योगबाट उत्पादित सामाग्रीको बिक्री वितरण तथा निर्यातको लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- महिला उद्यमीहरुलाई उद्यमशीलता सम्बन्धी शिक्षा दिइनेछ।
- उत्पादित वस्तुहरु उद्योग वाणिज्य संघसँग समन्वय गरी विक्रीको व्यवस्था मिलाइनेछ।
- गरीवी निवारणका लागि लघुउद्यम कार्यक्रम (MEDPA) मार्फत दक्ष रोजगारको सृजना, तालिमको ताजगीकरण र प्रविधि हस्तान्तरण कार्य गरिनेछ।
- स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणका लागि नीतिगत र कार्यक्रमको व्यवस्था गरी सो अनुसार बजार व्यवस्थापन गरिनेछ।
- प्रत्येक घरमा कम्तीमा एक घर एक रोजगार सृजना गर्ने कार्यक्रमलाई अगामी आ.व. मा पनि निरन्तरता दिईनेछ।
- गाउपालिका बाट नै श्रम स्विकृती र पुन श्रम स्विकृती प्रदान गरिनेछ।
- रोजगार रणनीति निर्माण गरी कार्यान्वयनमा ल्याइने छ।
- वैदेशिक रोजगार बोर्ड र विभागबाट प्रभाव हुने कल्याणकारी सेवामा गाउँपालिकाबाट सहजिकरण गरिनेछ।
- बालश्रम निवारण कार्यक्रमलाई अन्य गैर सरकारी संघ संस्थाहरुसंगको समन्वयमा सञ्चालन गरिनेछ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल योजना मार्फत रोजगार परिचालन गरिनेछ।

- सूचीकृत सबै बेरोजगार व्यक्तिलाई प्राथमिकता क्रमानुसार १०० दिनको रोजगारी प्रदान गरिनेछ। रोजगारीमा खटाउने सन्दर्भमा एकल महिला, विपन्न वर्ग, दलित वर्ग, महिला तथा आदिवासी जनजातिलाई प्राथमिकता दिइनेछ र परिचय पत्र सहित रोजगारीमा खटाइनेछ।
- कामको शिलशिलामा आयोजना स्थलमा दुर्घटना भई मृत्यु भएमा सात लाख सम्मको बिमा गरिनेछ साथै घाइते भएमा दुर्घटनाको प्रकृति हेरी अधिकतम एकलाख सम्मको उपचार खर्च उपलब्ध गराइनेछ। जसका लागि रोजगार सेवाकेन्द्र मार्फत राष्ट्रिय बिमा कम्पनी लि. र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सिफारिस गरिनेछ।
- बेरोजगार ब्यक्तिको पारिश्रमिक बैंक खाता मार्फत हस्तान्तरण गरिनेछ। जसका लागि अनिवार्य रुपमा सबै बेरोजगार व्यक्तिलाई बैंकमा खाता खोल्न लगाइनेछ।
- सुचीकृत बेरोजगार व्यक्तिलाई १०० दिनको रोजगारी प्रदान गर्न संघीय सशर्त अनुदानका अतिरिक्त गाउँपालिकाको कोषबाट साझेदारी समेत गरी प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गरिनेछ।
- विश्व बैंकसँगको वित्तिय सहयोगमा सञ्चालन हुने युवा रोजागरीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ सँग अन्तर समन्वय गरी रोजगारी प्रदान गर्नुका साथै क्षमता विकास तालिम सञ्चालन गरिनेछ।
- रोजगार सेवा केन्द्रको सुदृढिकरण गरिनेछ।
- रोजगारी प्रदानको गुनासो सुनुवाईको व्यवस्था गरिनेछ।

- गाउँपालिकाबाट विनियोजन गरिएका योजनाहरुलाई स्थानीय जनशक्तिको परीचालन गरी कार्यान्वयन गर्दै रोजगारीको व्यवस्थापन गरिनेछ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (संघ), पर्यटन तथा संस्कृति मन्त्रालय (प्रदेश) र गाउँपालिकाको संयुक्त लगानीमा च्याङ्ग्रे पोखरी, अरुणडाँडा, सन्तानेश्वर, कोटगढी क्षेत्रका लागि पर्यटकीय स्थल निर्माण तथा प्रचार प्रसार व्यवस्थापनका गर्नका साथै अन्य पर्यटकीय स्थलको पहिचान र विस्तृत अध्ययन गरिनेछ।
- स्थानीय धार्मिक, साँस्कृतिक एवं प्राकृतिक रुपले मनोरम तथा सुन्दर स्थलहरुको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्दै प्रचार प्रसारको माध्यमद्वारा आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याई यस गाउँपालिकाबासीको आय आर्जनमा अभिवृद्धि आउने तथा जीवनस्तर उकास्नमा टेवा पुर्याइनेछ।
- गाउँपालिकाको भुगोल, धर्म, सँस्कृति, प्राकृतिक सम्पदा आर्थिक जनजीवन समेत समेटि गाउँपालिकाको गान तयार गरिनेछ।
- लोपोन्मुख दुङ्माली भाषा संरक्षण कार्यक्रमलाई निरन्तरता दिदै पाठ्यक्रम र पाठ्यपुस्तक तथा शब्दकोष निर्माण गरिनेछ। दुङ्माली भाषाको निर्माणाधिन सङ्ग्रहालय र मुख्य कार्यालयको निर्माण कार्य सम्पन्न गरि सूचारू गरिनेछ।
- गाउँपालिका भित्रका धार्मिक एवं पर्यटकीय स्थलहरुको निर्माण र व्यवस्थापनमा आवश्यक वजेट प्रबन्ध गर्ने गराउने नीति लिइनेछ।
- पुष्पलाल मध्य पहाडी राजमार्ग अन्तर्गत पौवादुङमा गाउँपालिकाको वडा नं २ तिवारीभञ्ज्याङको हङ्ग्रायो खोला प्रवेशद्वार हातामा गाउँपालिकाको पूरानो संस्कृति

झल्कने गरि र गाउँपालिकालाई प्रत्यक्ष आम्दानी पनि हुँने गरि हाङ्ग्रायो रिफ्रेसमेन्ट सेन्टर निर्माण गरिनेछ।

- संस्कृति र समुदायमा आधारत होमस्टे संचालन तथा प्रवर्द्धनका लागि क्षमता अभिवृद्धि, पूर्वाधार विकास र पहुँच विस्तारजस्ता कार्य सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ। शेर्पा होमस्टे अरुणडाँडा, मगर होमस्टे चाम्ताङ सञ्चालन गर्नका लागि घरेलु तथा साना उद्योग कार्यालयसँग समन्वय गरी तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
- आन्तरिक एवं बाह्य पर्यटक भित्रयाउने सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र विकास गरिनेछ।
- पर्यटन गन्तव्यहरुलाई एकीकृत गरी पर्यटन प्याकेजको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्वन गरिनेछ।
- यस गाउँपालिका भित्रका जातिगत पर्व, पञ्चे बाजा, संस्कार, भेषभुषा, सँस्कृतिको संरक्षणको लागि संग्राहलयको निर्माण गर्ने नीति अवलम्वन गरिनेछ।
- पर्यटकको उचित सेवा, सत्कार र सुरक्षा प्रबन्ध सहितको पर्यटकीय आवास व्यवस्थापन गर्न होटलहरुको न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण गरिनेछ।
  - नवजात शिशु भविष्य सुरक्षा कार्यक्रम (Neo-Natal Future Security Programme) मार्फत पौवादुङमा गाउँपालिका भित्र जन्म र रेफर भएका नवजात शिशुहरुलाई बैंकिङ सेवा मार्फत महिनाको रु ५००। पाँच वर्षसम्म उपलब्ध गराइनेछ ।

- गर्भवति महिलालाई पोथि बितरण गरी अण्डा कार्यक्रमलाई (आफै पाल्दै आफै खादै) व्यवस्थित गरिनेछ ।
- रातो भाले कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जेष्ठ नागरिक घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य आमा समुहहरुलाई सशसक्तिकरण कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- सुरक्षित मातृत्व रोडम्याप, २०३० लाई पुरा गर्न नर्सिङ्ग कर्मचारीहरुबाट गर्भवती अवस्थामा आठ पटक स्वास्थ्य संस्थामा र सुत्केरी अवस्थामा चार पटक घरैमा स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाईनेछ।
- पोषण सेवालाई छ वटै वडामा विस्तार गरिनेछ, दुई वर्ष मुनिका बच्चाका आमाहरुलाई तौल मेसिन, MUAC टेप निःशुल्क उपलब्ध गराई घरमै पोषण लेखाजोखा गराईनेछ र कुपोषण भएको अवस्था देखा परेमा मानेडाँडा अस्पताल र तिवारीभञ्ज्याङ स्वास्थ्य चौकीबाट उपचारको प्रवन्ध मिलाईनेछ।
- बर्थीङ सेन्टरबाट रेफर गरिएका गर्भवती, सुत्केरी र नवशिशुहरुलाई एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गरिनेछ।
- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, अति विपन्न परिचयपत्र भएका नागरिकहरुलाई गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुबाट अन्य ठूला अस्पतालहरुमा रेफर गरिएमा एम्बुलेन्स सेवामा पचास प्रतिशत छुटको व्यवस्था गरिनेछ।
- नसर्ने रोग र पाठेघर खस्ने महिलाहरुको शिविर सर्भे गरि स्वास्थ्य बीमा मार्फत उपचारको व्यवस्था गरिनेछ।

- हाल सञ्चालनमा रहेका ५ वटा बर्थिङ सेन्टरहरुको थप सुदृढिकरण गरिनेछ र नर्सिङ्ग कर्मचारीहरुलाई नाईट भत्ता र सरसफाई कर्मचारीहरुलाई सरसफाई भत्ता उपलब्ध गरिनेछ।
- ३ नं वडामा निर्माणाधिन स्वास्थ्य संस्था तथा प्रसुती केन्द्रको निर्माण कार्य सम्पन्न गर्न संघीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ।
- प्रेस्कृप्सन बिनाका औषधि सेवनलाई निरुत्साहित गरिनेछ, र छ वटै स्वास्थ्य संस्थाहरुलाई औषधिको व्यवस्था गरिनेछ।
- विपन्न नागरिक उपचार कोष मार्फत उपचारमा जाने बिरामीहरुको लागि सोधभर्ना कोष सञ्चालन गरिनेछ र सोधभर्ना मार्फत पालिकाबाटै उपचार रकमको व्यवस्था गरिनेछ।
- स्याटलाईट क्लिनिक मार्फत परिवार नियोजनका सेवाहरु सञ्चालन गरिनेछ।
- स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन महिला स्वयम सेविकाको भूमिका बढाउनका साथै सचेतनामुलक गतीविधि सञ्चालन गरिनेछ। महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई प्रोत्सहान सुविधा उपलब्ध गरिनेछ।
- सबै स्वास्थ्य संस्थाबाट राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क रूपमा उपलब्ध गरिनेछ।
- स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर किशोरी, अपाङ्ग तथा ज्येष्ठ नागरिक मैत्री संस्था बनाईनेछ।
- नियमित खोप सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गर्दै सबै बालबालीकाहरुलाई खोपको दायरामा ल्याईनेछ।

- खोप केन्द्रहरु आवश्यकता अनुसार थप घट गरिनेछ।
- प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीको सुदृढिकरण गरि आवश्यक उपकरण उपलब्ध गरिनेछ।
- गाउँपालिकाको मानेडाँडा अस्पतालबाट प्रदान गरिने ल्याव सुविधा सहितको स्वास्थ्य सेवा प्रवाहको कार्यलाई निरन्तरताको लागि आवश्यक व्यवस्था गरिनेछ।
- स्वास्थ्य सेवाको गुणस्तरका लागि स्वास्थ्यकर्मीहरुलाई पर्याप्त तालिमको व्यवस्था गरिनेछ।
- Zero Home Delivery गाउँपालिका घोषणा गर्न आवश्यक क्रियाकलापहरु सञ्चालन गरिनेछ।
- जन्म प्रमाणित कार्ड वितरण कार्यक्रम लागु गरिनेछ।
- नागरिक आरोग्य केन्द्र मार्फत आयुर्वेदिक उपचार प्रणालीलाई व्यवस्थापन गर्न बजेटको व्यवस्था गरिनेछ।
- SBA र ग्रामीण Video X-ray सेवालाई निरन्तरता दिन तालिम सञ्चालन गर्नको लागि साझेदारी बजेटको व्यवस्था गरिनेछ।
- मानेडाँडा अस्पतालको सेवालाई विस्तार र निरन्तरता दिईनेछ। अगामी वर्षभित्र सुविधा सम्पन्न ५ शैयाको आधारभूत अस्पताल निर्माण कार्य सम्पन्न गर्न आवश्यक प्रवन्ध गरिनेछ।
- स्वास्थ्य सेवामा संलग्न कर्मचारी तथा स्वास्थ्यकर्मीको मनोबल बृद्धि गर्दै भौतिक तथा पेशागत सुरक्षा सुनिश्चित गरिनेछ।

- **"गुणस्तरीय शिक्षा समान र समतामूलक शिक्षा"** प्रदान गर्न गाउँ शिक्षा ऐन २०७९ लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुले नमुना विद्यालयको रूपमा विकास गर्न चाहेमा विद्यालय र अभिभावकहरुको लागत साझेदारीको आधारमा United World School Nepal (UWSN) सँग समन्वयको निति अवलम्बन गरिनेछ।
- शिक्षण संस्थाको नक्सांकन गरि भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा समायोजन गरिनेछ।
- आधारभूत तहमा पौवादुङमाको गौरव, संस्कृति, सभ्यता, मुल्य मान्यता र एकताको सम्बर्द्धन एवं स्वस्थ्य तथा नैतिक जीवनशैली जस्ता विषय समावेश गरि स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ।
- दुङ्माली मातृभाषी विद्यार्थी बाहुल्य तथा शिक्षक उपलब्ध विद्यालयहरुमा दुङ्माली मातृभाषा कक्षा १ को पठनपाठन सुरुवात गराईनेछ।
- यस गाउँपालिकाका सामुदायिक विद्यालयबाट एस.ई.ई परीक्षा उत्तीर्ण गरि उच्च शिक्षामा विज्ञान विषय/ एम.वि.वि.एस अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि गाउँपालिकाले कार्यविधि बनाई अध्ययन खर्चको व्यवस्थापन गर्नेछ र निज विद्यार्थीले भविष्यमा गाउँपालिकामा सेवा करार मार्फत विद्यालय/ अस्पतालमा सेवा गर्नु पर्नेछ।
- दातृ निकायहरु संग समन्वय गरि विद्यार्थीहरुका लागि आवश्यक स्टेसनरी र न्यानो कपडाहरु वितरण गर्ने व्यवस्था मिलाईनेछ।

- पाँच वर्ष मुनिका बालबालिकाको सर्वाङ्गिण विकासका लागि प्रारम्भिक बाल विकास कार्यक्रमलाई प्रोत्सहान गरिनेछ।
- बाल विकास केन्द्रको बसाई व्यवस्था बालमैत्री बनाई सिकाई वातावरण सृजना गरिनेछ।
- विद्यार्थी शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाइनेछ।
- कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था मिलाईनेछ।
- गाउँपालिका अध्यक्ष छात्रवृति कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई विद्यालय सुधार योजना निर्माण सम्बन्धी तालिम व्यवस्था गरिनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण/सुधार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- शिक्षक दरबन्दी मिलानको कार्यलाई व्यवस्थित गरिनेछ।
- गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप तथा खेलकुद सञ्चालन गरिनेछ।
- बालश्रम मुक्त स्थानीय तह सुनिश्चितता ।
- सामुदायिक विद्यायलयका छात्राहरुको लागि सहज रुपमा स्यानिटरी प्याड वितरणको व्यवस्था गरिनेछ।
- शिक्षण सिकाइलाई प्रभावकारी बनाउन र शिक्षकहरुको कक्षामा रहने समयावधि व्यवस्थित गर्न विद्यालयमा Teacher Time Task लागु गरिनेछ।
- सबै विद्यालयहरुमा एक रुपता कायम गर्न गाउँपालिका पात्रो निर्माण गरिनेछ।
- आधारभूत तह (कक्षा ५ र ८) उत्तिर्ण परीक्षालाई व्यवस्थित गरिनेछ।

- संघ र प्रदेश सरकारसँग समन्वय गरी कम्तीमा १ वटा विद्यालयमा रहने गरी खुल्ला विद्यालय स्थापनाका लागि आवश्यक पहल गरिनेछ।
- हाम्रा सबै सामुदायिक विद्यालयहरुमा बालबालिका विद्यार्थीहरुलाई कुनै किसिमको राजनीतिक दलगत गतिविधिमा सङ्गठित गर्ने तथा भेला, आमसभा, धर्ना, जुलुस, जस्ता कार्यक्रमहरुमा सहभागी गराउने कार्य बन्द गरिनेछ। साथै विद्यालयलाई दलगत गतिविधिबाट टाडा राख्ने र विद्यालयहरुलाई शान्ती क्षेत्र घोषणा गरिनेछ।
- सामुदायिक सिकाई केन्द्रहरु गठन सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
- बालबालिकाहरुको सिकाई सुधारको लागि सुधारको लागि न्यूनतम सिकाई वातावरण सुधार गर्दै प्रारम्भिक कक्षा १ देखि ३ को पढाई तथा गणितिय सीप केन्द्रित क्रियाकलापहरुलाई जोड दिइनेछ ।
- विद्यालय शिक्षालाई थप व्यवस्थित तथा सुधारका लागि स्थानीय शिक्षा योजना अध्यावधिक र त्यसको कार्यान्वयनका लागि जोड दिइनेछ ।
- समावेशी शिक्षाको मर्म बमोजिम बालबालिकाहरुको प्रारम्भिक पहिचानको क्रियाकलापहरु गरिनेछ ।
- शिक्षकको पेशागत सहयोगका लागि निर्मित विज्ञ समूहको क्षमता विकास विषयगत समिति निर्माण गरी विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगको कार्यलाई अगाडी बढाइनेछ ।
- कोभिडको महामारीबाट उत्पन्न शिकाई क्षेति न्यूनिकरणको लागि ReAL योजनालाई कार्यान्वयन गरिनेछ ।

- खानेपानीको अभावलाई मध्य नजर गर्दै स्थानीय स्रोतहरुलाई एकिकृत गर्नका लागि यस आ व मा अन्य कार्यक्रमलाई थाति राख्दै एकमूष्ठ वजेट प्रवन्ध गरिनेछ ।
- खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पूर्वाधारको विकास गरि खानेपानी आपूर्तिको व्यवस्था गरिनेछ। सबै गाउँबासिलाई भरपर्दो, शुद्ध र गुणस्तरीय खानेपानीको सेवाका लागि मिटर सहितको 'एक घर एक धारा' नीति सबै वडाहरुमा विस्तार गरिनेछ।
- पालिका भित्रमा समान उद्देश्य र प्रकृतीको खानेपानी उपभोक्ता समिति र खानेपानी संस्थालाई एकिकरण गरि बृहत रुपमा पालिकास्तरीय खानेपनी सञ्चालन र व्यवस्थापनका निमित्त निर्माण भएको ऐनको कार्यान्वयन गरिनेछ।
- स्थानीय मूल संरक्षण व्यवस्थापन गरिनेछ, र ठूला आयोजना सञ्चालन गरिनेछ।
- ठूला खानेपानी अयोजना संरक्षण गर्न बजेटको व्यावस्था गरिनेछ।
- बढ्दै गएका बस्तीहरुलाई मध्यनजर गरि फोहोर तथा ढल व्यवस्थापनका लागि संघीय र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।
- फोहोर मैला डम्पीङ साईटको सम्भाव्यता अध्ययन गरिनेछ।
- गाउँपालिका स्तरीय रंगशाला निर्माणमा DPR अनुसार आवश्यक बजेट प्रबन्धको लागि प्रदेश सरकार र संघ सरकारसँग समन्वय गरिनेछ।
- दोस्रो पौवादुङमा गोल्डकप र बृहत सास्कृतिक मेला आयोजना गरी खेलकुद र पर्यटन विकासमा सहयोग गरिनेछ।

- खेलकुद प्रतियोगिताहरुको माध्यमबाट खेलाडी छनौट गरी राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितालाई व्यवस्थित ढंगले संचालन गरिनेछ। गा.पा.स्तरीय र अन्तर स्थानीय तह स्तरीय साझेदारीमा खेलकुद आयजनाहरु सञ्चालन गरीनेछ।
- गाउँपालिकास्तरीय खेलकुद विकास वोर्ड निर्माण गरिनेछ, यसको काम, कर्तव्य, अधिकार र दायित्व स्थानीय सरकारसँग निहित हुनेछ।
- बालबालिका तथा युवाहरुलाई खेलकुद मार्फत स्थानीय सरकार र राष्ट्रप्रति समर्पित हुने वातावरण निर्माण गरिनेछ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा १० देखि १४ वर्षका वालबालिकाहरुलाई ग्रासरुट लेभल कार्यक्रम सञ्चालन गरि फुटबल खेलको तालिम सञ्चालन गरिनेछ।
- प्रत्येक टोलमा टोल स्तरीय खेल मैदान निर्माण गर्ने नीति लिईने छ।
- वडास्तरमा हुने खेलकुद गतिविधिलाई प्रोत्सहान गरिनेछ।
- विद्यालयस्तरीय खेलकुद प्रतिस्पर्धा वृद्धिका लागि शैक्षिक क्यालेण्डर समेतको अनुसरण गर्दै विविध खेल आयोजनाहरु संचालन गरीनेछ।
- यस आर्थिक वर्षमा अति विपन्न नागरिक परिचयपत्र वितरण कार्य अगाडि वढाईने छ र यसमार्फत शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षाका कार्यहरुलाई निःशुल्क उपलब्ध गराइनेछ।
- उपाध्यक्षको नेतृत्वको महिला बिकास बोर्ड मार्फत पालिकाभरि छरिएका आमा समुहहरुलाई एकिकृत गरी **एक घर एक करेसाबारी** कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

- महिला विकास बोर्ड मार्फत पूर्वाधार खानेपानी स्वास्थ्य शिक्षा खेलकुद कृषि विकासका कामकाज अगाडी बढाइनेछ ।
- महिलाहरुलाई विशेष रुपमा क्रियाशिल गरि टोल विकास समिति गठन तथा परिचालन गरिनेछ।
- उपभोक्ता समितिहरुमा महिलाहरुको नेतृत्व सुनिश्चित हुने नीति अवलम्बन गरिनेछ।
- यस गाउँपालिका भित्र हुने आर्थिक विकास तथा पूर्वाधार विकास लगायत अन्य युवा रोजगार कार्यक्रममा पुरुष, महिला तथा आर्थिक रुपले विपन्न वर्गहरुलाई समेत समेटी विना भेदभाव सबैको समान सहभागिता तथा अवसरहरुमा पहुँचको सुनिश्चितता कायम गरिनेछ।
- लैङगिक हिंसा न्यूनिकरण र सचेतना मूलक कार्यक्रम संचालन गरिनेछ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वको महिला सम्बन्धी दिवसहरु मनाइने छ।
- घरेलु तथा साना उद्यमी बनाउन महिलाहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
- महिला उद्यमीहरुलाई राजस्वमा ५०% छुट दिने नीति लिईनेछ।
- बालमैत्री स्थानीय तह सुनिश्चितताका लागि आवश्यक कार्यक्रम गरिनेछ ।
- बालबिवाह न्यूनिकरण गर्नलाई सचेतना मूलक कार्यक्रम/पोष्टर पम्पलेट/तालिम सञ्चालन गरिनेछ।
- बाल क्लब सदस्यहरुलाई नेतृत्व तथा क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

- बाल सञ्जाललाई विद्यालय वडा कार्यालय पालिकासँग समन्वय गराई क्षमता विकास गरिनेछ ।
- सचेतना मूलक कार्यक्रम/सीपमूलक/क्षमता विकास तथा आय आर्जन मूलक कार्यक्रमहरुलाई जोड दिइने नीति लिइनेछ।
- दलित समुदायले प्रयोग गर्ने परम्परागत नौमती बाजाको संरक्षण गरिनेछ ।
- उपभोक्ता समितिमा दलित समुदायहरुको नेतृत्व सुनिश्चित हुने नीति अवलम्बन गरिनेछ।
- अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम मार्फत अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास तथा पुनःस्थापना कार्यक्रमलाई व्यवस्थित गरिनेछ।
- अपाङ्गता परिचयपत्र भएका नागरिकहरुलाई गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुबाट अन्य ठूला अस्पतालहरुमा रेफर गरिएमा एम्बुलेन्स सेवामा पचास प्रतिशत छुटको व्यवस्था गरिनेछ।
- ज्येष्ठ नागरिकहरुलाई मध्यनजर गरि वडा कार्यालयबाटनै सामाजिक सुरक्षा भत्ता वितरण एकिकृत स्वास्थ्य शिविर लगायतको व्यवस्था गरिनेछ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- ज्येष्ठ नागरिक परिचयपत्र भएका नागरिकहरुलाई गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुबाट अन्य ठूला अस्पतालहरुमा रेफर गरिएमा एम्बुलेन्स सेवामा पचास प्रतिशत छुटको व्यवस्था गरिनेछ।

- देश तथा विदेशको स्थानीय सरकारसँग स्थानीय भाषा संस्कृति परम्परा, रितिरिवाज र आर्थिक जिवन यापनलाई एक अर्कामा परिचित गराई एकआपसमा घुलमिल तथा आदानप्रदान गर्न भगिनी सम्बन्ध कायम गरिनेछ।
- पौवादुङमा गाउँपालिकाको दोस्रो सामरिक महत्वको केन्द्र मानेडाँडा बजारमा किरात राई अल्पसंख्यक दुङ्माली भाषीहरुको व्यापारीक प्रयोजन र सभाहल सहितको निर्माणाधिन सास्कृतिक भवनलाई पुरा गर्नका लागि प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।
- स्थानीय लोपोन्मुख दुङमाली भाषा संरक्षण पनपाठन र शब्दकोष निर्माणलाई ध्यान दिईनेछ। स्थानीय कला सँस्कृति, मन्दिर गुम्बा, देवस्थलको निर्माण तथा संरक्षणमा समुदायको ५०% लागत साझेदारीको नीति अवलम्वन गरिनेछ।
- संघीय सरकार तथा प्रदेश सरकार र अन्य धार्मिक संघ संस्थाहरुसँग समन्वय गर्दै ऐतिहासिक गुम्बा तथा मठमन्दिरहरु निर्माण गरिनेछ ।

- **"गाउँपालिका सँग नागरिकको अभिभावकीय नाता घर घरमा पुऱ्याउनेछौं हरीयो जस्तापाता"** भन्ने नारालाई मूर्तरुप प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
  - स्थानीय पानीका स्रोतहरुलाई संरक्षण गर्दै नागरिकहरुको घरदैलोसम्म पुऱ्याउनको निम्ति यस आवमा महत्वपूर्ण आयोजना सुचारु गरिनेछ ।
  - संघीय प्रदेश र स्थानीय साझेदारीमा गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको तिवारीभञ्ज्याङ-मानेडाँडा-अंधेरीघाट (पञ्चकन्या कृषि सडक) सडकलाई मध्यपहाडी राजमार्गको तिवारीभञ्ज्याङ जिरोपोइन्टबाट कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- मध्यपहाडी राजमार्गको श्यामशिलाको जिरोपोइन्टबाट वडा कार्यालय जोड्ने सडकको स्तरोन्नति गर्नका लागि साझेदारीमा सडक बोर्ड नेपालसँग सहकार्य गरिनेछ ।
- सडकले चर्चेको जग्गालाई लगत कट्टा गर्नका लागि आवश्यक कानून निर्माण गरि कार्यान्वयन गरिनेछ।
- पञ्चकन्या कृषि सडक (तिवारीभञ्ज्याङ्ग- मानेडाँडा-अँधेरीघाट) मोटर बाटो दाँयाबाँयाका घर संरचनाहरु निश्चित समयभित्र हटाउनलाई सुचना जारी गरी सडक विस्तार गरिनेछ।
- अन्तर स्थानीय तह जोड्ने रणनीतिक सडकहरुको विस्तृत अध्ययन प्रतिवेदन, IEE समेत गरी निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- वडाहरु जोड्ने अधुरा आयोजनाहरुलाई निरन्तरता दिदै बाह्रैमास सवारी आवागमन हुने व्यवस्था मिलाइनेछ।
- साविकका गोरेटो बाटो, घोरेटो बाटोहरुलाई मर्मत गरी मानिस हिंडन लायकको बनाइनेछ।
- पूर्वाधार जन्य संरचनाहरु उपभोक्ता समितहरु मार्फत निर्माण गर्दा गाउँपालिकाको विनियोजित लागतमा २% मर्मत संभार कोष र २% कन्टीन्जेन्सी कोष कट्टी गरी हुन आउने रकममा कम्तिमा १५% थप जनसहभागिता गराउने नीति अंगीकार गरीनेछ।
- डोजर स्काभेटरको प्रयोगमा साविकको दररेटमा भ्याट (VAT) रकम समावेश गरी Bill of Quantity (BOQ) र इष्टिमेट तयार गरीनेछ।

- पूर्वाधार तथा संरचना जन्य निर्माण कार्यमा जनशक्ति परिचालन मार्फत रोजगारी सृजना गर्ने नीति अंगीकार गरीनेछ।
- ठुला आयोजना कार्यान्वयन हुनु अघि DPR, IEE / Soil Test आवश्यकतानुसार गरीनेछ।
- सडकको दायाँबायाँ हरियाली प्रवर्द्धन गर्न फलफुलका विरुवाहरु लगाईनेछ।
- मुख्य सडकहरुको संरक्षणका लागि ६ वटै वडाबाट प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत जनशक्ति परिचालन गरिनेछ ।
- अन्धकार मुक्त उज्यालो युक्त गाउँपालिका बनाउन यसै आर्थिक वर्षभित्र पौवादुङमा गाउँपालिकालाई उज्यालो गाउँपालिका घोषण गरिनेछ।
- विपन्न परिवारहरुलाई सोलार सिस्टम वितरण गरिनेछ।
- विद्युत विस्तार गर्न अधिक खर्च लाग्ने टोल वस्तीहरुमा वैकल्पिक उर्जा कार्यक्रमबाट न्यून आर्थिक अवस्थाका परिवारलाई पहिचान गरी Solar System जडान गरिनेछ।
- मुख्य बजार क्षेत्रहरुमा सोलार बती (Street Light) जडान गरिनेछ।
- साना सिँचाई आयोजनाहरुलाई अगाडी बढाइनेछ ।
- कृषकको साझेदारीमा साना तथा लघु सिँचाईका लागि पाइप वितरण, थोपा सिँचाई तथा पलाष्टिक पोखरीको लागि अनुदान र साना ठूला प्रकृतिका सिँचाई कुलो निर्माण र नियमित मर्मत संभार गरी खाद्य पदार्थ उत्पादनमा जोड दिइनेछ।
- क्षति भएका सिँचाईका कुलाहरुको मर्मत सम्भार कोषबाट मर्मत गरिनेछ।

- RERA सँग Solar lifting सम्बन्धी आवश्यक सहकार्य गरीनेछ।
- पौवादुङमा गाउँपालिकाको कार्यालय परिसरमा व्यपारिक प्रयोजन सहितको बहुउद्देश्य प्रशासनिक भवन संघीय सरकारसँगको लागत साझेदारीमा निर्माण गरिनेछ । यस भवन निर्माण सम्पन्न भए पश्चात वार्षिक रुपमा करिब १० लाख आन्तरिक राजश्वमा वृद्धि हुने अपेक्षा गरिएको छ ।
- वडा नं ४ मा पाँच सैंयाको मानेडाँडा अस्पताल भवन निर्माण कार्यलाई बहुवर्षिय ठेक्का प्रणाली मार्फत निरन्तरता दिईनेछ।
- यस गाउँपालिका भित्र बन्ने नयाँ पक्की घरहरु बढीमा ३ तल्लासम्म मात्र निर्माण गर्न अनुमति दिइनेछ भने गाउँपालिकाले तोकेको रङ्गको जस्तापातामात्र प्रयोग गर्न प्रोत्साहन गरिनेछ।
- मध्यपहाडी राजमार्ग र पञ्चकन्या सडकको Right of Way क्षेत्र देखी ५०/५० मि. दाँया बाँयाको घर संरचना नयाँ निर्माण गर्दा अनिवार्य घर नक्साङ्कन गर्नुपर्ने र यस अघि बनेका घर संरचना अनिवार्य अभिलेखिकरण गर्ने व्यवस्था गरीनेछ। गाउँपालिकामा भएक सबै सार्वजनिक भवनहरुलाई अभिलेखिकरण गरि भवन आचार संहिताको कार्यान्वयन गरिनेछ।
- विपत व्यवस्थापन कार्ययोजना तयार गरी राहत सामग्रीहरूको उपलब्धताको सुनिश्चितता गरिनेछ।
- आपत्कालीन दुर्घटना तथा विपद उद्धारका लागि वडा स्तरीय उद्धार समिति निर्माण गरी उनीहरुलाई तालिम र सुरक्षा सामाग्रीको व्यवस्था गरिनेछ।
- गाउँपालिकाको एम्वुलेन्स सेवालाई अझ प्रभावकारी र गुणस्तरीय बनाइनेछ।

- विपद व्यवस्थापनका लागि विपद व्यवस्थापन कोषमा पर्याप्त रकमको व्यावस्था गरिनेछ।
- बृक्षारोपन तथा बायोइन्जिनियरिङ्ग कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाबाट प्रवाह हुने सार्वजानिक सेवालाई थप प्रभावकारी एवं छिटो छरितो बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।
- गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास योजना तयार गरी आवश्यक कार्यक्रम गरिनेछ।
- कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गर्दै उपलब्धिहरूको समीक्षा गरिनेछ।
- गाउँपालिकाको आवधिक योजना र मध्यकालीन खर्च संरचना दस्तावेज निर्माण भएसँगै यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ।
- दिगो विकासका लक्ष्यहरु को स्थानीयकरणका लागि स्पष्ट नीति तथा कार्ययोजना तर्जुमा गरी वार्षिक योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ।
- गैरसरकारी सङ्घ संस्थाहरू संग आवश्यक समन्वय गरिनेछ।
- खरिद गुरुयोजना र वार्षिक खरीद योजनाहरु तयार गरी कार्यान्वयनमा ल्याइनेछ।
- सेवा प्रवाह को मापदण्ड SOP तयार गरी कार्यान्वयन गरिनेछ।
- सेवा प्रवाहलाई घर आँगन सम्म पुर्याउन सबै वडामा घुम्ती सेवाहरु सञ्चालन गरिनेछ।
- स्थानीय तहहरु बीच साझा हित र सरोकारका विषयमा आवश्यक पर्ने संयुक्त समिति गठन गरि अन्तर पालिका बैठकको आयोजना गरिनेछ ।
- गाउँपालिका, वडा र विषयगत शाखाहरुको गतिविधिका लागि स्थानीय रेडियो, टेलिभिजन तथा पत्रपत्रिकाहरुसँग सहकार्य गरिनेछ।

- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण लगायतका कार्यक्रमहरु संचालनलाई निरन्तरता दिइनेछ।
- घटना दर्ता दिवसको अवसरमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्वन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- राष्ट्रिय परिचयपत्रलाई सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गरी सामाजिक सुरक्षा परिचयपत्र बायोमेट्रिक डिभाइसद्वारा नविकरण गरिनेछ र सो कार्यको लागि राष्ट्रिय परिचयपत्रको विवरण संकलन गर्न ६ वटै वडाहरुमा शिविर सञ्चालन गरिनेछ ।
  - सामाजिक सुरक्षा भत्ता वडा वडामा गई वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- न्यायिक समितिको क्षमता विकासका लागि उच्च अदालत, जिल्ला अदालत, जिल्ला सरकारी वकिल कार्यालयसँग आवश्यक समन्वय गरिनेछ ।
- प्रत्येक वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।
- मेलमिलापकर्ताहरुलाई तालिम सञ्चालन गरिनेछ ।
- स्थानीय सरकारका न्यायिक समितिहरुबीच अनुभव साटासाट गर्नका लागि साझेदारीमा अन्तर जिल्ला अन्तरपालिका स्तरीय सम्मेलनको आयोजना गरिनेछ ।
- महिला बालबालिका दलित ज्येष्ठ नागरिकहरुको अधिकार बारेमा कानूनी सचेतना कार्यक्रम गरिनेछ ।
- बार्षिक रुपमा मेलमिलापकर्ताहरुलाई समान गरिनेछ ।

- सबै वडाहरुमा वडाका पाँचै जना जनप्रतिनिधिहरुसहित वडास्तरिय सचेतना कार्यक्रम आयोजना गरिनेछ ।
- गाउँपालिकाको लागि आवश्यक ऐन, नियमावली, कार्यविधीहरु निर्माण प्रकाशन, प्रसारण कार्यलाई निरन्तरता दिईनेछ।
- आवश्यकतानुसार विज्ञहरुसँग समन्वय तथा सहजीकरण गरिनेछ।

धन्यवाद ।

**<u>अध्यक्ष</u>**

**श्री किरण राई**

**आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम**

**२०८१/०३/०९ गते**

(बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिसकेपछि आफ्नो भनाई अध्यक्ष ज्यूको)

सभाका सदस्यहरु, अब बार्षिक नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र सदस्यहरुले आ-आफ्नो भनाइ राख्न अनुरोध गर्दछु ।

सर्वप्रथम सदस्य श्री ..............................लाई छलफलमा भाग लिन समय दिन्छु।

(भाग लिने सदस्यहरुले बोलिसकेपछि)

सभाका सदस्यहरु बार्षिक नीति तथा कार्यक्रम उपरको यो छलफल यहीँ समाप्त हुन्छ ।

सभाका सदस्यहरु, अब म बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक श्री ज्योत्सना राई लाई कोशी प्रदेश को गाउँसभा र नगरसभा संचालनको लागि व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३२ बमोजिम बार्षिक बजेट सभा समक्ष पेश गर्न अनुमति दिन्छु।

(बजेट पेश गरिसकेपछि)

सभाका सदस्यहरु, अब बार्षिक बजेट माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र सदस्यहरुले आ-आफ्नो भनाइ राख्न अनुरोध गर्दछु ।

सर्वप्रथम सदस्य श्री ..............................लाई छलफलमा भाग लिन समय दिन्छु।

(भाग लिने सदस्यहरुले बोलिसकेपछि)

सभाका सदस्यहरु बार्षिक बजेट उपरको यो छलफल यहीँ समाप्त हुन्छ ।

सभाका सदस्यहरु, अब म विनियोजन विधेयक, २०८१ प्रस्ताव दर्ता गर्ने सदस्य श्री ज्योत्सना राई लाई कोशी प्रदेश को गाउँसभा र नगरसभा संचालनको लागि व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३३ बमोजिम उक्त प्रस्ताव सभा समक्ष पेश गर्न अनुमति दिन्छु।

(विनियोजन विधेयक, २०८१ प्रस्ताव पेश गरिसकेपछि)

सभाका सदस्यहरु, अब विनियोजन विधेयक, २०८१ माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र सदस्यहरुले आ-आफ्नो भनाइ राख्न अनुरोध गर्दछु ।

सर्वप्रथम सदस्य श्री ..............................लाई छलफलमा भाग लिन समय दिन्छु।

(भाग लिने सदस्यहरुले बोलिसकेपछि)

सभाका सदस्यहरु विनियोजन विधेयक, २०८१ उपरको यो छलफल यहीँ समाप्त हुन्छ ।

सभाका सदस्यहरु, अब म, उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरुले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने सदस्यहरुले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरुले "हुन्छ" भन्नुहोस्।

( "हुन्छ" भनिसकेपछि)

यसको विपक्षमा हुने सदस्यहरुले "हुन्न" भन्नुहोस ।

( "हुन्न" भनिसकेपछि )

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ उक्त विनियोजन विधेयक, २०८१ निर्णायर्थ पेश गरियोस् भन्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्दछु ।

**"हुन्छ"** भन्ने सदस्यहरुको बहुमत भएकोले उक्त विनियोजन विधेयक, २०८१ माथि विचार गरियोस भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

(प्रस्ताव पारित भैसकेपछि)

अब, म विधेयकको **प्रस्तावना र नाम** पढेर सुनाउँछु ।

**प्रस्तावनाः**पौवादुङमा गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम पौवादुङमा गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "पौवादुङमा गाउँपालिकाको विनियोजन ऐन, २०८१"रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(पढिसकेपछि)

अब म, विधेयकको **प्रस्तावना र नाम** विनियोजन विद्येयक, २०८१ को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नु होला र यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नुहोस्।

("हुन्छ" भनिसकेपछि)

यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस।

("हुन्न" भनिसकेपछि )

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ विधेयकको प्रस्तावना र नाम **सर्वसम्मतिले**

विनियोजन विद्येयक, २०८१ को अंग बनेको घोषणा गर्दछु।

| |
|---|
| **"हुन्छ"** भन्ने पक्षका सदस्यहरुको **बहुमत** भएकोले विधेयकको प्रस्तावना र नाम **बहुमतले** विनियोजन विद्येयक, २०८१ को अंग बनेको घोषणा गर्दछु । |

सभाका सदस्यहरु, अब म विनियोजन विद्येयक, २०८१ प्रस्तुत गर्नुहुने सदस्य श्री ज्योत्सना राई लाई विनियोजन विद्येयक, २०८१ पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

(प्रस्ताव प्रस्तुत गरिसकेपछि)

सभाका सदस्यहरु, अब म यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नु होला र यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

("हुन्छ" भनिसकेपछि)

यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस।

("हुन्न" भनिसकेपछि )

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ विनियोजन विद्येयक, २०८१ **सर्वसम्मतिले पारित** भएको घोषणा गर्दछु ।

| |
|---|
| **"हुन्छ"** भन्ने पक्षका सदस्यहरुको बहुमत भएकोले विनियोजन विद्येयक, २०८० **बहुमतले** पारित भएको घोषणा गर्दछु। |

सभाका सदस्यहरु, अब म आर्थिक विधेयक, २०८१  प्रस्ताव दर्ता गर्ने सदस्य श्री ज्योत्सना राई लाई  कोशी प्रदेश को गाउँसभा र नगरसभा संचालनको लागि व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३३ बमोजिम उक्त प्रस्ताव सभा समक्ष पेश गर्न अनुमति दिन्छु।

(आर्थिक विधेयक, २०८१ प्रस्ताव पेश गरिसकेपछि)

सभाका सदस्यहरु, अब आर्थिक विधेयक, २०८१ प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र सदस्यहरुले आ-आफ्नो भनाइ राख्न अनुरोध गर्दछु ।

सर्वप्रथम सदस्य श्री ..............................लाई छलफलमा भाग लिन समय दिन्छु।

(भाग लिने सदस्यहरुले बोलिसकेपछि)

सभाका सदस्यहरु आर्थिक विधेयक, २०८१ उपरको यो छलफल यहीँ समाप्त हुन्छ ।

सभाका सदस्यहरु, अब म, उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरुले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने सदस्यहरुले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरुले “हुन्छ” भन्नुहोस्।

(“हुन्छ” भनिसकेपछि)

यसको विपक्षमा हुने सदस्यहरुले “हुन्न” भन्नुहोस ।

(“हुन्न” भनिसकेपछि )

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ उक्त आर्थिक विद्येयक, २०८१ निर्णायर्थ पेश गरियोस् भन्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्दछु ।

**"हुन्छ"** भन्ने सदस्यहरुको बहुमत भएकोले उक्त आर्थिक विद्येयक, २०८१ माथि विचार गरियोस भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु ।

(प्रस्ताव पारित भैसकेपछि)

अब, म विधेयकको **प्रस्तावना र नाम** पढेर सुनाउँछु ।

**प्रस्तावनाः**पौवादुङमा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (१) बमोजिम पौवादुङमा गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१साल श्रावण १ गते देखि पौवादुङमा गाउँपालिका भित्र लागू हुनेछ ।

(पढिसकेपछि)

अब म, विधेयकको **प्रस्तावना र नाम** आर्थिक विद्येयक, २०८१ को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नु होला र यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नुहोस्।

("हुन्छ" भनिसकेपछि)

यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस।

("हुन्न" भनिसकेपछि )

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ विधेयकको प्रस्तावना र नाम **सर्वसम्मतिले** आर्थिक विधेयक, २०८१ को अंग बनेको घोषणा गर्दछु।

**"हुन्छ"** भन्ने पक्षका सदस्यहरुको **बहुमत** भएकोले विधेयकको प्रस्तावना र नाम **बहुमतले** आर्थिक विधेयक, २०८१ को अंग बनेको घोषणा गर्दछु ।

सभाका सदस्यहरु, अब म आर्थिक विधेयक, २०८१ प्रस्तुत गर्नुहुने सदस्य श्री ज्योत्सना राई लाई आर्थिक विधेयक, २०८१ पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

(प्रस्ताव प्रस्तुत गरिसकेपछि)

सभाका सदस्यहरु, अब म यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नु होला र यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

("हुन्छ" भनिसकेपछि)

यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस।

("हुन्न" भनिसकेपछि )

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ आर्थिक विधेयक, २०८१ **सर्वसम्मतिले पारित** भएको घोषणा गर्दछु ।

| |
|---|
| **"हुन्छ"** भन्ने पक्षका सदस्यहरुको बहुमत भएकोले आर्थिक विधेयक, २०८१ **बहुमतले** पारित भएको घोषणा गर्दछु। |

सभाका सदस्यहरु, अब म पौवादुङमा गाँउपालिकाको संगठन संरचना पारित गरियोस् भन्ने प्रस्ताव दर्ता गर्ने संस्थागत विकास, सेवा प्रवाह र सुशासन समितिका संयोजक श्री तिर्थ बहादुर कार्की लाई उक्त प्रस्ताव सभा समक्ष पेश गर्न अनुमति दिन्छु।

(पौवादुङमा गाँउपालिकाको संगठन संरचना पारित गरियोस् भन्ने प्रस्ताव पेश गरिसकेपछि)

सभाका सदस्यहरु, अब पौवादुङमा गाँउपालिकाको संगठन संरचना पारित गरियोस् भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूलाई

३ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र सदस्यहरुले आ-आफ्नो भनाइ राख्न अनुरोध गर्दछु ।

सर्वप्रथम सदस्य श्री **..............................**लाई छलफलमा भाग लिन समय दिन्छु।

(भाग लिने सदस्यहरुले बोलिसकेपछि)

सभाका सदस्यहरु पौवादुङमा गाँउपालिकाको संगठन संरचना पारित गरियोस् भन्ने उपरको यो छलफल यहीँ समाप्त हुन्छ ।

सभाका सदस्यहरु, अब म उक्त पौवादुङमा गाँउपालिकाको संगठन संरचना पारित गरियोस् भन्ने प्रस्ताव लाई निर्णयार्थ प्रस्तुत गर्दछु।
यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

("हुन्छ" भनिसकेपछि)

यसको विपक्षमा हुने सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

("हुन्न" भनिसकेपछि)

**"हुन्न"** भन्ने आवाज सुनिएन तसर्थ उक्त पौवादुङमा गाँउपालिकाको संगठन संरचना पारित गरियोस् भन्ने प्रस्ताव **सर्वसम्मत रूपमा** स्वीकृत भएको घोषणा गर्दछु ।

**"हुन्छ" भन्ने सदस्यहरुको बहुमत भएकोले उक्त** पौवादुङमा गाँउपालिकाको संगठन संरचना पारित गरियोस् भन्ने प्रस्ताव **बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।**

सभाका सदस्यहरु, अब म स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा-१५१ बमोजिम कर्मचारीहरुको तह बृद्धिका लागि बनेको मापदण्ड, २०८१ अनुमोदनका

गरियोस भन्ने प्रस्ताव दर्ता गर्ने संस्थागत विकास, सेवा प्रवाह र सुशासन समितिका संयोजक श्री तिर्थ बहादुर कार्की लाई उक्त प्रस्ताव सभा समक्ष पेश गर्न अनुमति दिन्छु।

( प्रस्ताव पेश गरिसकेपछि)

सभाका सदस्यहरु, अब स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा-१५१ बमोजिम कर्मचारीहरुको तह बृद्धिका लागि बनेको मापदण्ड, २०८१ अनुमोदनका गरियोस् भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र सदस्यहरुले आ-आफ्नो भनाइ राख्न अनुरोध गर्दछु ।

सर्वप्रथम सदस्य श्री ..............................लाई छलफलमा भाग लिन समय दिन्छु।

(भाग लिने सदस्यहरुले बोलिसकेपछि)

सभाका सदस्यहरु स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा-१५१ बमोजिम कर्मचारीहरुको तह बृद्धिका लागि बनेको मापदण्ड, २०८१ अनुमोदनका गरियोस् भन्ने उपरको यो छलफल यहीँ समाप्त हुन्छ ।

सभाका सदस्यहरु, अब म उक्त स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा-१५१ बमोजिम कर्मचारीहरुको तह बृद्धिका लागि बनेको मापदण्ड, २०८१ अनुमोदनका गरियोस् भन्ने प्रस्ताव लाई निर्णयार्थ प्रस्तुत गर्दछु।
यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

("हुन्छ" भनिसकेपछि)

यसको विपक्षमा हुने सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

("हुन्न" भनिसकेपछि)

**"हुन्न"** भन्ने आवाज सुनिएन तसर्थ उक्त स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा-१५१ बमोजिम कर्मचारीहरुको तह बृद्धिका लागि बनेको मापदण्ड, २०८१ अनुमोदनका गरियोस् भन्ने प्रस्ताव **सर्वसम्मत रूपमा** स्वीकृत भएको घोषणा गर्दछु ।

**"हुन्छ" भन्ने सदस्यहरुको बहुमत भएकोले उक्त** स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा-१५४ बमोजिम कर्मचारीहरुको तह बृद्धिका लागि बनेको मापदण्ड, २०८० अनुमोदनका गरियोस् भन्ने प्रस्ताव **बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।**

सभाका सदस्यहरु, अब म पौवादुङमा गाँउपालिकाको पालिका गान पारित गरियोस् भन्ने प्रस्ताव दर्ता गर्ने विधायन समितिका संयोजक श्री हरेन्द्र पौडेललाई उक्त प्रस्ताव सभा समक्ष पेश गर्न अनुमति दिन्छु।

(पौवादुङमा गाँउपालिकाको पालिका गान पारित गरियोस् भन्ने प्रस्ताव पेश गरिसकेपछि)

सभाका सदस्यहरु, अब पौवादुङमा गाँउपालिकाको पालिका गान पारित गरियोस् भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र सदस्यहरुले आ-आफ्नो भनाइ राख्न अनुरोध गर्दछु ।

सर्वप्रथम सदस्य श्री ..............................लाई छलफलमा भाग लिन समय दिन्छु।

(भाग लिने सदस्यहरुले बोलिसकेपछि)

सभाका सदस्यहरु पौवादुङमा गाँउपालिकाको पालिका गान पारित गरियोस् भन्ने उपरको यो छलफल यहीँ समाप्त हुन्छ ।

सभाका सदस्यहरु, अब म उक्त पौवादुङमा गाँउपालिकाको पालिका गान पारित गरियोस् भन्ने प्रस्ताव लाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

("हुन्छ" भनिसकेपछि)

यसको विपक्षमा हुने सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

("हुन्न" भनिसकेपछि)

**"हुन्न"** भन्ने आवाज सुनिएन तसर्थ उक्त पौवा दुङमा गाँउपालिकाको पालिका गान पारित गरियोस् भन्ने प्रस्ताव **सर्वसम्मत रूपमा** स्वीकृत भएको घोषणा गर्दछु र २०८१ श्रावण १ गतेबाट पौवादुङमा गाउपालिका भरिका औपचारिक कार्यक्रमहरुमा राष्ट्रिय गान संगै पालिका गान सवावेश गर्नु पर्ने विषय समेत जानकारी गराउदछु

**“हुन्छ” भन्ने सदस्यहरुको बहुमत भएकोले उक्त** पौवादुङमा गाँउपालिकाको संगठन संरचना पारित गरियोस् भन्ने प्रस्ताव **बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।**

(अध्यक्ष ज्यू को भनाई)

सभाका सदस्यहरु, अब यो बैठक २०८१ असार २८ गते दिनको ११ वजे सम्मको लागि स्थगित हुन्छ ।